# पारिभाषित आाखा उपन्यासमा शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोग

शान्ति पौडेल

***सार***

*प्रस्तुत शोधलेख पारिजातद्वारा लेखिएको पारिभाषित आँखाहरू उपन्यासमा चित्रित शरीर राजनीतिअन्तर्गत शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोगको अध्ययनसँग सम्बद्ध छ । यसमा शक्तिशाली वर्गले शक्तिहीन वर्गको शरीरमाथि गर्ने शोषण तथा दमनका साथै शक्तिशाली वर्गले आफ्नो अनुकूलको विमर्शद्वारा केकसरी कमजोर वर्गको शरीरमाथि शासन गरी कमोडिटीका रूपमा रूपान्तरण गरेको छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ । यसका लागि शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोगसम्बन्धी मान्यतालाई कृतिविश्लेषणको मुख्य आधार बनाइएको छ । अध्ययनका अन्त्यमा शक्तिशाली वर्गले विभिन्न विमर्शमार्फत नारी शरीरको विनिर्माण गरी वस्तुमा रूपान्तरण गरेको सन्दर्भलाई सघन रूपमा उठाएको छ । शक्तिहीन वर्गले आफ्नो स्व जोगाउनका लागि गरेको प्रतिरोध असफल भएको सन्दर्भ यथार्थका साथ प्रस्तुत गरेको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावली**: पण्यीकरण, कमोडिफिकेसन, ओज, उत्पीडन, अभ्यस्त, प्रतिरोध चेतना

**विषयपरिचय**

विष्णुकुमारी वाइबा (१९९०-२०५०) नेपाली साहित्यको क्षेत्रमा पारिजातका नामले परिचित छिन् । नेपाली साहित्यका कविता, उपन्यास, कथा, आत्मकथा, संस्मरण, निबन्ध र नाटक सिर्जना गर्ने पारिजातको एउटा प्रमुख विधा उपन्यास हो । उनका शिरीषको फूल (२०२२), महत्ताहीन (२०२५), बैंसको मान्छे (२०२९), तोरीबारी, बाटा र सपनाहरू (२०३३), उसले रोजेको बाटो (२०३४), अन्तर्म'खी (२०३५), पर्खालभित्र र बाहिर  (२०३५),अनिदो पहाडसँगै (२०३९), पारिभाषित आँखाहरू (२०४६) र बोनी (२०४८) गरी दसवटा उपन्यासहरू प्रकाशित छन् । उनका उपन्यासमा मानिसका कुण्ठित मनको प्रस्तुति, सहरमा आर्थिक विपन्नताले जीवन धान्न खराब काम गर्न बाध्य भएका सोझासाझा निम्नस्तरीय महिलाहरूको अज्ञानता र सोझापनको फाइदा उठाउँदै शरीरको प्रयोग गर्ने काम भएको तथा नेपाली समाजमा रहेका हत्या, हिंसा, बलात्कार, अन्धविश्वास, अशिक्षा तथा थिचोमिचो रहेको र सरकार पनि तिनीहरूकै संरक्षक बनेको सामाजिक यथार्थता, असमानता र विकृति प्रस्तुत भएको छ। पारिभाषित आँखाहरू (२०४६) उपन्यासमा धर्मपुत्रीका रूपमा विज्जीलाई पालेर अन्तिममा त्यही विज्जीलाई बलात्कार गरी वेश्यावृत्तिमा लगाउने र दुईनम्बरी धन्दा गर्ने विनोद यादवका माध्यमबाट सामाजिक यथार्थ देखाउँदै विज्जीको शरीरमाथि भएको राजनीति प्रस्तुत गरिएको छ।

शरीर राजनीति सांस्कृतिक अध्ययनका क्रममा विकसित पछिल्लो एक समालोचना पद्धति हो । पाश्चात्य समालोचना परम्पराको आधुनिक समालोचना पद्धतिका रूपमा देखापरेको सांस्कृतिक अध्ययनले समग्र सामाजिक जीवन पद्धतिलाई संस्कृतिका रूपमा हेर्दछ । शरीर राजनीति पनि सांस्कृतिक अध्ययनको

Received : October 2020  Accepted : December 2020

एउटा क्षेत्र हो । शरीर राजनीति भन्नाले महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ र पुरुषको अधीनस्थता र शोषणबाट मुक्त राख्नुपर्छ भन्ने नै हो ( भट्टराई, २०७७, पृ. १३४) । शरीर राजनीति भनेको त्यस्तो प्रथा वा नीति हो जसको माध्यमबाट समाजले मानव शरीरलाई विनिर्मित गर्दछ र शरीरलाई व्यक्तिगत र सामाजिक नियन्त्रणको स्तरमा पुऱ्याउँछ । सांस्कृतिक अध्ययनमा जैविक शरीरको मात्र अध्ययन नगरी सांस्कृतिक शरीर र त्यसले पारेको प्रभावको अध्ययन गरिन्छ । पुँजीवादी समाजमा मानिसको शरीरमाथि केकसरी राजनीति भइरहेको छ ? शरीरमाथि आफ्नो अधिकार छ कि छैन ? छैन भने कसरी, किन र केका लागि मानिसले आफ्नो पहिचान गुमाइरहेको छ भन्ने अध्ययन गरिन्छ । खासगरी महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ । पुरुषको शोषणबाट महिला मुक्त हुनुपर्छ भन्ने मान्यतालाई शरीर राजनीतिका रूपमा लिइन्छ । शरीर राजनीति महिला तथा पुरुषले आफ्नो शरीरमाथि आफ्नो अधिकार रहने पक्षसँग सम्बन्धित रहेको पाइन्छ । शरीर राजनीतिमा पितृसतात्मक समाजले महिलाको आफ्नो इच्छाअनुसार तथा इच्छाविरुद्ध जबर्जस्ती, सहमतिबिना उसको यौनिकता र शरीरमाथि अवरोध गरेको हुन्छ । समाजमा महिलाको मात्र नभएर पुरुषको शरीरमाथि पनि राजनीति भएको पाइन्छ र शरीर राजनीतिका तात्पर्यमा यी दुवै पक्ष समेटिन्छन् ।

**समस्याकथन**

सांस्कृतिक अध्ययनको उपभोक्तावादी संस्कृतिमा वस्तुलाई बढी उपयोग्य वस्तु मानिंदैन । उपभोक्तावादी संस्कृतिअन्तर्गत वस्तुलाई बढी उपभोग्य बनाउनका लीग मानिसको शरीर अझ विशेष गरी महिलाको शरीर र यौनिक दुरूपयोग कसरी भएको छ भन्ने कुराको अध्ययन गरिन्छ । समाज पितृसत्तात्मक हुनाले नारीलाई कमजोर तथा यौनवस्तुका रूपमा लिने संस्कृति विद्यमान रहेको छ। पितृसत्ताका कारण समाजमा महिलाहरू पुरुषहरूबाट शोषित, दमित तथा उपेक्षित हुनुका साथै महिलाको शरीरमाथि विभिन्न प्रयोग गरिएको पाइन्छ । उपन्यास अध्ययनका लागि यो एउटा महत्त्वपूर्ण पक्ष हो तर यस कोणबाट पारिजातका उपन्यासको अध्ययन हुन सकेको छैन। त्यसैले प्रस्तुत लेखमा शरीर राजनीतिअन्तर्गतको शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोगको आधार बनाई पारिभाषित आँखाहरू उपन्यासको विश्लेषण गरिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत लेखमा पारिजातद्वारा लेखिएको पारिभाषित आँखाहरू उपन्यासमा प्रयुक्त शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रयोगको आधारमा विश्लेषण गरिएको छ। पारिभाषित आँखाहरू उपन्यासलाई प्राथमिक विश्लेष्य सामग्रीका रूपमा उपयोग गरिएको छ। यसका लागि पारिजात सङ्कलित रचनाहरू ग्रन्थ दुई पुस्तकलाई आधार बनाई स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ । यसका अतिरिक्त उत्तरसंरचनावादी फ्रान्सेली चिन्तक मिसेल फुकोको मान्यतालाई विश्लेषित सामग्रीको आधार लिइएको छ । शरीर राजनीतिसँग सम्बन्धित सामग्रीको सङ्कलन, सांस्कृतिक अध्ययनसँग सम्बन्धित पुस्तकहरू, लेखहरू, शोधहरू पुस्तकालीय स्रोतबाट द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । सांस्कृतिक अध्ययनका क्रममा विकसित शरीर राजनीतिका सम्बन्धमा सांस्कृतिक अध्ययनका विभिन्न मान्यता विकसित भएका छन् । शरीर राजनीतिसम्बन्धी विविध मान्यतामध्ये शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोगको स्थितिसम्बन्धी मान्यताका आधारमा सैद्धान्तिक पर्याधार निर्माण गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार तथा विश्लेषणको ढाँचा**

शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोग शरीर राजनीतिको एउटा महत्त्वपूर्ण अध्ययनीय

पक्ष हो। पारिजातका उपन्यासमा यस सन्दर्भको अभिव्यक्ति पाइन्छ र यस दृष्टिकोणले उनका उपन्यास विश्लेषणयोग्य रहेका छन् । अतः प्रस्तुत पारिभाषित आँखाहरू उपन्यासमा रहेका नारी शरीरमाथि उपभोक्तावादी संस्कृतिको प्रयोग र प्रभाव केकसरी भएको छ ? उपन्यासमा महिला शरीरमाथि केकस्ता उत्पीडन रहेका छन् र त्यसको मुक्तिका लागि उत्पीडित वर्गले केकस्तो प्रतिरोध गरेका छन् ? भन्ने जिज्ञासाको समाधान पहिल्याउने काम गरिएको छ।

उत्तर संरचनावादी चिन्तक मिसेल फुको (सन् १९२६-१९८४) सारतत्वविरोधी फ्रान्सेली दार्शनिक हुन् । फुकोले भनेझैं लामो समयको अभ्यासबाट ज्ञान निर्माण भई पुरुषले आफ्नो अनुकूलको संकथन निर्माण गर्दै आएको छ। उसले आफूलाई केन्द्रमा राख्छ, महिलालाई परिधिमा, आफूलाई कर्ताका रूपमा … महिलालाई प्रत्यक्ष या अप्रत्यक्ष कर्मका रूपमा । आफूलाई स्वामीका रूपमा महिलालाई भोग्याका रूपमा, स्वामित्वका रूपमा (अधिकारी, २०७५, पृ.१०६) । पुरुषका शरीरजन्य शक्तिले महिलाको शरीरमाथि, मस्तिष्कमाथि र विचारमाथि कब्जा जमाएर महिला शरीरमाथि राजनीति गरेको पाइन्छ । फुकोले नारी शरीरको सामाजिक अध्ययन गर्दै पत्नी, दासी, सेविका, छोरी, बुहारीका रूपमा नारीका शरीरलाई टुक्र्याइएको हुँदा शरीर एउटा स्थान हो, जसमाथि विमर्शका माध्यमबाट शक्तिको प्रयोग गरिने बताएका छन् । फुकोले यस मान्यतालाई शरीरको विनिर्माण भनेका छन् (त्रिपाठी, २०७५, पृ.५३-५४) । शक्तिको आडमा नाम र दामको प्रलोभन देखाएर पितृसत्ताले सर्कस, सिनेमा, नाटक, मसाज, कन्सर्ट, फेसनजस्ता काममा मनोरञ्जनका साधन बनाएर महिलालाई शोषण गरेको पाइन्छ। माया प्रेमको नाटक गरेर, पैसाको प्रलोभन देखाएर पुरुषले महिला देहको बेचबिखन गर्ने गर्छ। जहाँ बेच्नका लागि वस्तुको उत्पादन नै छैन, त्यहाँ स्वभावतः शरीर नै खरिदबिक्री (पण्य) को वस्तु बन्न पुग्छ। यो सामन्ती समाजको विशेषता हो (पाण्डेय, २०७३, पृ.९९) । सामन्ती संस्कृतिले गर्दा विशेषगरी निम्नवर्गीय महिलाहरू आर्थिक विपन्नताका कारण कतिपय अवस्थामा विवशताकै कारण बारमा डान्स गर्ने, देहव्यापार गर्ने गरेको पाइन्छ।

उपभोक्ता भन्नाले कुनै पनि वस्तु वा सेवाको उपभोग गर्ने व्यक्तिलाई बुझिन्छ तर नवपुँजीवादी उत्तरआधुनिक समाजमा उपभोक्ता भौतिक खरीदकर्ताको अर्थमा मात्र नभई बहुआयामिक भएको छ । उसले अहिले वस्तुभन्दा पनि संस्कृतिको वाहक, निर्माता र शक्ति खरिद गर्ने गर्छ । उपभोक्ताले जीवन आवश्यकताको भौतिकी मात्र खरिद गर्दैन, मालवस्तुको भौतिकीभित्र यसभन्दा पर र यसभन्दा पृथक् जीवन दर्शन र विश्वासको धरातल पनि खरिद गर्दछ (सुवेदी, २०७०, पृ.३९२ मा उद्धृत) । उपभोक्तावादले समाजमा नयाँ कुराको सुरुवात गरेको पाइन्छ। यसले सामाजिक भेद कमजोर बनाउँछ र वस्तुसँग सम्बन्धहरू बदल्छ। उपभोक्तावादले भोगविलासलाई प्राथमिकता दिन्छ । मानवीय सम्बन्धमा ह्रास ल्याउँछ । उपभोक्तावादी संस्कृतिले मानवलाई समेत बिक्री हुने मालसामानका रूपमा विकास गरिदिएको छ। उपभोगलाई जीवनको उद्देश्य बनाउनु र मानिसलगायत सबै वस्तुलाई बिक्रीको सामान ठान्नु उपभोक्तावादको खास विशेषता भएको छ (चापागाईं, २०७३, पृ.२०९) । पुँजीपति वर्गले मनिसलाई पैसामा भुलाएर मानिसलाई वस्तुका सङ्केतका रूपमा रूपान्तरण गर्छन् । मानिस पैसाका पछि लागेर वस्तु बन्न तयार भएको पाइन्छ।

मानव सभ्यता र समाजका इतिहासमा पितृसत्ताको स्थापना र विकासपछि नारीहरू सीमान्त बनाइँदै आएका छन् । उनीहरूको पहिचानलाई पुरुष आधारित बनाइएको र पुरुषका यौन सुखको परितृप्तिको साधन बनाइएको स्थितिले उनीहरूलाई शक्तिहीन बनायो र सीमान्त अवस्थामा पुऱ्यायो । ज्ञान र शक्तिदेखि वञ्चित

Received : October 2020

Accepted : December 2020

गरिएका महिलाहरू अन्य उपभोग्य वस्तुझैँ उपभोग्य वस्तु बन्न पुगे र तिनको पण्यीकरण भयो । पुँजीवादी र अझ उत्तर पुँजीवादी उपभोक्तावादी समाजमा पनि महिला शरीरको पण्यीकरण (कमोडिफिकेसन) भएको छ तर त्यसको प्रवृत्ति बेग्लै छ। अहिले महिलाका शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा विज्ञापित गरेर अथवा सहमतीय माध्यमद्वारा तिनको शरीरको उपभोग गरेर तिनको कमोडिफिकेसन भइरहेको छ (पाण्डेय, २०७३, पृ.९९) । उपभोक्ता संस्कृतिले शरीरको बढीभन्दा बढी प्रयोग गरेर धनआर्जन गर्न चाहान्छ। मानिसको शरीरलाई कमोडिटीका रूपमा विकास गर्दछ, यही कमोडिफिकेसनले मानवीय सम्बन्धलाई लुकाइदिन्छ । पुँजीवादी उत्पादन प्रणालीले उत्पादन व्यवस्थाको पुनर्गठन गरेर, सीमाहीन प्रकार र मात्रामा वस्तु र सेवाको उत्पादन गरेर, आर्थिक असमानता गहिरो तुल्याएर तथा यी वस्तु र सेवाको उपभोगलाई सामाजिक प्रतिष्ठाको मानक तुल्याएर उपभोक्ता संस्कृतिलाई व्यापक फैलावट दियो (मिश्र, २०७४, पृ.६०) । उपभोक्तावादी संस्कृतिमा पैसा त्यस्तो शक्ति हो जसले मानिसका हैसियत, गरिमा, ओज, शक्ति, सामर्थ्य नाप्ने र किन्ने काम गर्दछ । उन्नाइसौँ शताब्दीको अन्त्यमा सामाजिक शक्ति भौतिक धनको संचयमा कम निर्भर भएर अरुको श्रम र स्रोतहरूको नियन्त्रण र व्यवस्थापन गर्ने क्षमतासँग जोडियो । त्यही समयमा शरीरको धेरै वजन नैतिक र व्यक्तिगत अयोग्यता वा इच्छाको अभावको प्रतिविम्बको रूपमा देखिन थाल्यो (बोर्दो, सन् १९९३, पृ.१९२-१९३) । यसैकारण पनि उपभोक्तावादी विमर्शले मोटो शरीरभन्दा सालिकेदार शरीर कति महँगा वस्तु प्रयोग गरेको छ भन्ने छायाछविले उसको गरिमा र स्तरले बजार निर्धारण हुन्छ। यस्ता सौन्दर्यका वस्तु, लुगाफाटाले व्यक्तिको परिचय सकिएर व्यक्ति यिनै वस्तुमा परिवर्तन हुन्छ। उसको चिनारी यसैमा सीमित हुन्छ।

पितृसत्तात्मक समाजले महिलाका शारीरिक सुन्दरतालाई चरित्रका रूपमा हेर्दै महिलाको जैविक तथा भौतिक पक्षलाई समेत सुन्दर बनाउन प्राथमिकता दिन्छ। महिलाहरू सुन्दर देखिन चाहन्छन्। महिलाहरूले ऐनामा आफ्नो शरीर हेरेर चित्त बुझाउँदैनन् । उनीहरू स्वयं कोही होचो, कोही अग्लो, कोहीका् कपालका् रङ् नमिलेको ... जस्ता आफूसँग भएका कुरामा खुशी देखिँदैनन् (काराकन, सन् २००७, पृ. ४९) । आदर्श शरीर र सौन्दर्यताको आदर्श आफैँमा पितृसत्तात्मक महिलामाथि दमन गर्न बनाएको साधन हो भन्ने कुरा महिला स्वयं बुझ्दैनन् । उपभोक्तावादी संस्कृतिले व्यक्तिलाई पैसामुखी बनाएको छ। उसले आफूसँग भएका रूप, सौन्दर्य, शरीर, वस्तुलगायतका कुनै न कुनै वस्तु बेच्छ र उसले त्यही पैसाले निरर्थक वस्तु किन्छ । उपभोक्तावादले पुँजीले सामाजिक नियमलाई नष्ट गरेर जे चलिरहेको थियो त्यसलाई वस्तुमा बदलिदिन्छ (पचौरी, सन् २०००, पृ.१०३) । उपभोक्ता समाजले शरीर, फेसन र यौनलाई केन्द्रमा राखेर औजारको रूपमा प्रयोग गरेर नयाँ विचारको निर्माण गरिदिन्छ । पुँजीवादले वर्तमानमा फेसनको शैली बदलेर हरेक वस्तुलाई फेसनको रूपमा स्थापित गरेको छ। सौन्दर्यप्रसाधनका सामग्री प्रयोगले मानिसको शरीर अझ बढी महिला शरीरको पण्यीकरण (कमोडिफिकेसन) भएको पाइन्छ। यसरी उपभोक्तावादी समाजमा शरीरमाथि हुने प्रयोगको अध्ययन पनि शरीर अध्ययनको विषय बन्छ। यिनै मान्यताका आधारमा पारिभाषित आँखाहरू उपन्यासको विश्लेषण गरिएको छ।

**पारिभाषित आँखाहरू उपन्यास**को विश्लेषण

पारिभाषित आँखाहरू पितृसत्तात्मक सामाजिक संरचनाले नारी शरीरमाथि गरेका अत्याचार र शोषणमा केन्द्रित उपन्यास हो। उपन्यासमा पञ्चायती शासन व्यवस्थामा सामाजिक, प्रशासनिक, आर्थिक तथा सांस्कृतिक रूपमा प्रभुत्वमा रहेका प्रभुत्वशाली वर्गले नारी शरीरमाथि गरेका दमनलाई प्रस्तुत गरिएको छ।

उपभोक्तावादी पुँजीवादी संस्कृतिले निर्माण गरेको विशिष्ट विमर्शात्मक संरचनाले अनिता, विज्जी, राधिका, मीनुजस्ता नारी शरीरको विनिर्माण गरेको छ। लैङ्गिक, जातिय र वर्गीय रूपमा अधीनस्थ रहेका महिलाहरूको शरीरमाथि पुरुष भोगवादी चरित्रले शोषण गरी विद्रुप अवस्थामा पुऱ्याएको छ।

पारिभाषित आँखाहरू उपन्यासमा अनिता पुँजीपति सम्भ्रान्त वर्गकी छोरी तथा साहु दिग्विजयकी श्रीमती हो । सहरिया विलासी संस्कृतिले उसलाई भोगवादी बनाएको छ। काठमाडौँकी पढेलेखेकी अनिता साहु दिग्विजयको पैसाको लोभमा परेर रामेछापको दिग्विजयसँग विवाह गर्न पुगेकी छ। सौन्दर्यका सामानको अत्यधिक प्रयोग गरेर अरूलाई देखाउन गर्व गर्ने अनिता पतिका लागि आफ्नो शरीरलाई रूपान्तरण गर्छे। पैसाका माध्यमबाट अनिताको शरीरमाथि दिग्विजयले नियन्त्रण गरेको छ। अनिता पैसा र भोगविलासका पछि लागेर साहु दिग्विजयसँग विवाह गरेको सन्दर्भ उपन्यासमा यसरी व्यक्त भएको छ :

> शैक्षिक स्तर अलिक नमिले पनि साहु दिग्विजयको पैसाको व्यक्तित्वको स्केल मिलाएर बिहे तय भएको हो उनीहरूको। खुशी छे ऊ यहाँ अभाव केहीको छैन स्टेरियो, भिडियो र विभिन्न फिल्मी गीत र गजलका क्यासेटकरु। ...सौखका सबै सामान छन्। ...बाहिर बडेमानको किनारा पसल छ। नाउँ हो किनारा पसल, कारोबार अर्थोक छ, त्यसो त नाफा नाफै छ। (पृ.४३२-४३३)

पुँजीवादी उपभोक्ता संस्कृतिले अनितालाई विलासी बनाएको छ। स्नातक गरेकी अनिता पैसाको पछि लागेर आफ्नो स्तर नमिल्ने साहु दिग्विजयसँग बिहे गर्छे । सहरिया संस्कृतिको प्रभावले विलासी भएकी अनितालाई दिग्विजयको घरमा कुनै अभाव देखिँदैन । देखावटी रूपमा पसल खोलेर गैरकानुनी काम गर्ने दिग्विजयले प्रशस्त पैसा कमाएको छ। पैसाले सबै कुरा प्राप्त हुन्छ भन्ने मानसिकता बोकेको दिग्विजय अनिताको रूप र सौन्दर्यबाट मोहित छ। सहरिया सुन्दर महिलासँग विवाह गरेको देखाउन चाहने दिग्विजयको पितृसत्तात्मक पुरुष भोगवादी विमर्शलाई अनिताले दिग्विजयको चाहेअनुसार सौन्दर्यका साधनको अत्यधिक प्रयोग गरेर सहयोग पुऱ्याउँछे अनि पैसाको प्रभावमा आफ्नो शरीरमाथिको अधिकार आफूबाट गुमाउँछे। ऊ पुरुषको अधीनस्थ भएर जीवन भोग्दासमेत खुशी देखिन्छे।

पारिभाषित आँखाहरू उपन्यासमा विज्जीको शरीरमाथि उपभोक्तावादको प्रयोग भएको छ । साहु दिग्विजयका घरकी नोकर्नी विज्जी लैङ्गिक, जातिय तथा वर्गीय रूपमा उत्पीडनमा परेकी छ। सानैमा टुहुरी हुनु तथा सहाराको अभावमा बाँच्नका लागि विज्जी दिग्विजयको घरमा जुठेल्नोदेखि घाँस, दाउरा, वनपातसम्मका काम गर्न बाध्य छ। दिग्विजयको घरमा गएको विनोद यादव विज्जीको अवस्था देखेर विज्जीलाई छोरी बनाउने विमर्शको निर्माण गर्छ। उसले विज्जीलाई छोरी बनाएर काठमाडौँ लान चाहन्छ। विनोद यादवको उद्देश्यमा साहु दिग्विजयले सहयोगी भूमिका खेल्छ। उपभोक्ता संस्कृतिले विशिष्ट विमर्शात्मक संरचना निर्माण गरेर मान्छेको शरीरलाई लचिलो वस्तु बनाउँछ। समाजले जस्तो चाहन्छ मान्छेको शरीर त्यस्तै बन्न स्वीकार गर्छ। यहाँ विनोद यादवले छोरी भन्ने विशिष्ट किसिमको विमर्शनिर्माण गरेर बिजुलीको पहिचानलाई रूपान्तरण गरेको छ। सामाजिक संरचनामा साहु दिग्विजयका घरकी नाकर्नीका रूपमा आफ्नो परिचय बनाएकी विज्जीको फरक परिचय निर्माण गरेर विनोद यादवले विज्जीलाई अघोषित रूपमा खरिद गर्छ जुन सन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> 'यसको नाउँ आजदेखि बिजुली होइन विज्जी यादव । मेरै नाउँबाट उठेको उसको पनि नाउँ । आजदेखि यो विनोद कुमार यादवकी छोरी विज्जी यादव ।' 'ल है दिग्विजय साहुको गोठालीलाई त

Received : October 2020  Accepted : December 2020

नेपालको कुन चाहिँ बाबुसाहेबले छोरी तुल्याएर लैजाने रे ।''चिटिक्क परेकी पुतली जस्ती भएर भएर निस्की रे ।'...एकजना युवक भन्छ, 'यो केटी बम्बै पुग्छे, कुरै छैन ।' (पृ.४४६-४४७)

दिग्विजयको घरमा गएको विनोद यादवले बिजुली (विज्जी) लाई छोरी बनाएर काठमाडौँ लैजान चाहन्छ । पेसाले एउटै अँगालेका दिग्विजय र विनोद यादवको साँठगाँठले गर्दा विनोद यादवले निर्माण गरेको विमर्शलाई दिग्विजयले सहर्ष स्वीकार्छ । दुई नम्बरी काम गरेर पुँजीपति बनेको विनोद यादवले अरुलाई प्रभावित पार्न बिजुलीको नाम विज्जी राखेर उसको थरसमेत यादव राखिदिन्छ । सामन्ती विनोद यादवले विज्जीलाई दिग्विजयसँग माग्नुभन्दा अगाडि नै विज्जीका लागि लुगा, चुरा, हेयर ब्याण्ड किनिसकेको छ । उसले विज्जीलाई जसरी पनि आफ्नो बनाउने योजना पहिले नै बनाएको छ । उपभोक्तावादी भोगवादी मानसिकता भएको विनोद यादवले नाटकीय विमर्शद्वारा दिग्विजयसँग विज्जी खरिद गर्छ । विनोद यादवले विज्जीलाई काठमाडौँ लैजाँदा गाउँघरमा टिकाटिप्पणी नभएका होइनन् तर पनि सामाजिक संरचनामा प्रभुत्वशाली वर्गले गरेका काम अन्य वर्गले हस्तक्षेप गर्न सक्दैनन् । दिग्विजय र विनोद यादवले बाहिर जे काम देखाए पनि भित्र चेलीबेटी बेचबिखन गर्ने काम गर्छन् भन्ने स्पष्ट हुन्छ । असहाय, टुहुरी विज्जी दिग्विजयकी नोकर्नीका रूपमा हुनाले उसको परिचय केवल नोकर्नीका रूपमा रहेको छ । सधैँ फोहोरी, जुम्रीका रूपमा रहेकी विज्जीलाई विनोद यादवले लुगाफाटा, चुराजस्ता सौन्दर्यका साधन पहिरन लगाएर छोरी बनाएर लैजान्छ । उसको परिचय नोकर्नीबाट विनोद यादवकी छोरीका रूपमा परिवर्तन हुन्छ । यसरी विनोद यादवले विज्जीलाई अघोषित रूपमा उसको शरीरको विनिर्माण गरेको छ ।

उपभोक्तावादी संस्कृतिले व्यक्तिलाई पैसामुखी बनाएको छ । उसले आफूसँग भएका रूप, यौवन, सौन्दर्य, शरीर, वस्तुलगायतका कुनै न कुनै वस्तु बेच्छ र उसले त्यही निरर्थक वस्तु किन्छ । उपभोक्तावादले पुँजीले सामाजिक नियमलाई नष्ट गरेर जे चलिरहेको थियो त्यसलाई वस्तुमा बदलिदिन्छ (पचौरी, सन् २०००, पृ. १०३) । भोगवादी मानसिकताले विनोद यादवले विज्जीलाई काठमाडौँ ल्याएपछि सहरिया जीवनमा अभ्यस्त गराउनका लागि सहर घुमाउने, रेष्टुँरामा खुवाउन लानेजस्ता काम गर्छ । पुँजीपति सामन्त विनोदले विज्जीलाई आफ्नो निजी काम गिलास, बोतल, पानी, रक्सी र रक्सीका लागि सितन ओसार्न लगाउँछ । उसले विज्जीलाई समय समयमा सिनेमा देखाएर सिनेमा हेर्ने लत बसाल्छ । विज्जीलाई सम्भ्रान्त परिवारकी छोरीको महसुस गराउन उसले विलासी वस्तुतिर आकर्षित गर्छ । छोरी भन्ने विशिष्ट विमर्शात्मक संरचना निर्माण गरेर विज्जीलाई पालनपोषण गरे पनि विनोद यादवको अन्तिम लक्ष्य भनेको विज्जीलाई भोग्य वस्तुको रूपमा उपभोग गर्ने नै देखिन्छ । असहाय हुनु, आफन्त कोही नहुनु सामन्त वर्गको निम्न वर्गलाई गर्ने व्यवहार फरक हुनुले गर्दा विनोद यादवले विज्जीलाई वस्तुमा बदल्ने कोशिस गर्छ त्यसैले उसले सोकेसमा राखेको पुतली किनिदिएर विज्जीलाई भविष्यमा त्यस्तै बन्ने सङ्केत गरेको स्पष्ट हुन्छ :

सो केशमा थुप्रै पुतलीहरू सजाइएका हुन्छन् । गलामा फूलको माला लगाएकी, हातमा उस्तै माला लगाएकी, खैरो लामो केशराशी, कानमा एउटा फूल सिउरेकी हवाई देशको प्रतिनिधि पुतली देखाउँदै विनोद यादव भन्छ, 'हेर् विज्जी तँ पनि पछि यस्तै हुन्छेस् । तँलाई यो गुडिया मन पऱ्यो ? लिन्छेस् हँ ?'(पृ.४५१)

विनोद यादवले विज्जीलाई सहर ल्याएपछि उसको बानीव्यवहार फरक किसिमले विकास हुन्छ । विनोद यादवले विज्जीलाई पुँजीवादी संस्कृतिसँग अभ्यस्त गराउन सहर घुमाउने, नयाँ नयाँ सामान किनिदिने

गर्छ । सोकेसका पुतलीसँग तुलना गर्दै पछि विज्जी पनि यस्तै हुन्छेस् भनेर विनोद यादवले विज्जीको प्रशंसा गर्छ । विनोद यादवले निर्माण गरेको विमर्शको सत्य बुझ्ने ज्ञान नभएकी विज्जी विनोद यादवले किनिदिएको खेलौना पुतली पाएर मख्ख हुन्छे । विनोद यादवले विज्जीलाई सोकेशको पुतली किनिदिएर विज्जीलाई पछि त्यस्तै बन्छेस् भन्ने सङ्केतले उसले विज्जीलाई भविष्यमा खेलौनाका रूपमा प्रयोग गर्ने सङ्केत गरेको छ तर ज्ञान नभएकी विज्जी उसको प्रशंसामै खुशी हुन्छे ।

उपभोगलाई जीवनको लक्ष्य बनाउने उपभोक्तावादी संस्कृतिले मानिसलाई पैसामा भुलाएर वस्तुमा रूपान्तरण गर्छ । सहरिया सामाजिक संस्कृतिले विज्जीलाई प्रभावित गर्छ । विनोद यादवकी छोरीका रूपमा पहिचान बनाएकी विज्जीलाई विनोद यादवले क्रमशः सहरिया संस्कृतिमा अभ्यस्त बनाउँछ । दुई नम्बरी काम गरेर प्रशस्त धन कमाएको विनोद यादवले विज्जीको दिमागमा मायाममता पोखिदिएर, विज्जीलाई विनोदको घर आफ्नै हो भन्ने सत्य निर्माण गर्छ । आफू घरबाहिर जाँदा विनोद यादवले आफूद्वारा परिचालित मीनु, राधिका र देविकासँग साथी बनाइदिन्छ जसले गर्दा विज्जीले थाहा नपाइकन उपभोक्ता संस्कृतिलाई मलजल गर्ने गर्छे । मीनु र राधिकाको सङ्गतले विज्जी सिनेमा हेर्न जाने, ब्ल्याकमा टिकट बेच्ने, पाकेट मार्ने र त्यसबाट जम्मा भएको पैसा विनोद यादवलाई बुझाउने काममा प्रयोग गर्छ । विज्जीलाई सहमतिअनुसार प्रयोग गर्न विनोद यादवले विज्जीमाथि एकपछि अर्को विमर्श सिर्जना गर्छ । विनोद यादवको सामाजिक आर्थिक संस्कृतिको प्रभावका कारण विज्जी आफ्नो पहिचानलाई रूपान्तरण गर्दै जान्छे । सत्यको ज्ञान नभएकी विज्जीले गरेको कामलाई निरन्तरता दिनका लागि निर्माण गरेको विनोद यादवको उपभोक्तावादी विमर्श उसले बुझ्न सक्दिन । विज्जीको शरीर प्रयोग गरेर पैसा आर्जन गर्नु तथा सहरिया संस्कृतिमा अभ्यस्त बनाउँदै उपभोग्य वस्तु बनाउने यादवको लक्ष्य देखिन्छ । ऊ विज्जीलाई आफ्नो आकाङ्क्षा पूरा गर्ने यन्त्रवत् खेलौना बनाउँदै प्रयोग गर्न चाहन्छ । त्यसैले विज्जीलाई सोकेसकी पुतलीजस्तै भएपछि भोग गर्ने उसको अभिलाषा पूरा गर्न उसले पारदर्शी नाइटी ल्याइदिन्छ । बाबुले माया गरेर नाइटी ल्याइदिएको हो भन्ने भ्रम फैलाएर विज्जीका शारीरिक अंगहरू हेर्नका लागि विनोद यादवले विमर्शहरू निर्माण गर्दै जान्छ । विनोद यादवबाट प्रभावित भएर विज्जीले सहरिया संस्कृति अँगाल्दै जान्छे । विनोद यादवका भ्रमित कुराको विश्वास गर्दै ऊ आफ्नो शरीरको विनिर्माण गर्दै जान्छे । सहरिया संस्कार र संस्कृतिले गर्दा उसको पहिचान विद्रुप हुँदै जान्छ ।

अहिले महिलाका शरीर र शारीरिक सौन्दर्यलाई उपभोग्य वस्तुको पर्यायका रूपमा विज्ञापित गरेर अथवा सहमतीय माध्यमद्वारा तिनको शरीरको उपभोग गरेर कमोडिफिकेसन भइरहेको छ (पाण्डेय, २०७३, पृ.९९) । सामन्ती संस्कृतिको प्रभावले कृत्रिम बन्दै गएकी विज्जी विनोद यादवले निर्माण गरेको जालोभित्र फस्दै जान्छे । झुठो विमर्श निर्माण गरेको विनोदले मायाको अभिनय गरेर विज्जीको शरीरमा छोएरै कुरा गर्ने गर्छ । विनोदका साथीहरूपनि विज्जीको शरीर छोएरै कुरा गर्छन् । पुरुषको शारीरिक हिंसामा परेकी विज्जीलाई ती व्यवहार मन नपरेपनि ऊ प्रतिरोध गर्न सक्दिन । शारीरिक हिंसामा परे पनि विनोद यादवले निर्माण गरेको पुरुषवादी सङ्कथनसम्बन्धी सत्यको ज्ञान नहुँदा ऊ विनोद यादवको इसारामा परिचालित हुँदै आफ्नो परिचय बदल्दै जान्छे । विज्जीको सोझोपनको फाइदा लिँदै विनोद यादवले सहरिया संस्कृतिमा अल्झाएर विज्जीको शरीरलाई वस्तुमा परिणत गर्दै जान्छ । पितृसत्तात्मक पुरुष भोगवादी मानसिकताको विनोद यादवले विज्जीको शरीरलाई पूर्ण रूपमा नियन्त्रणमा लिन्छ अनि आफ्नो भोग्याका रूपमा प्रयोग गर्छ जुन घटनासन्दर्भ उपन्यासमा यसरी प्रस्तुत भएको छ :

यादव आफ्नो सिँगै शरीर लिएर विज्जीको बगलमा सुत्छ । विज्जी अवाक हुन्छे । ...विज्जीलाई वास्तविकताको बोध हुन्छ । यादवको हात रोकिँदैन । उसका हातहरू विज्जीका सम्वेदनशील अंगहरूसँग खेल्न थाल्छन् । आतंकित विज्जीले आँखाभरि याचना बोकेर भन्छे, 'बुबा मलाई छोडिदिनुस् न कतै बुबाले पनि छोरीलाई यसो गर्छन् ? ऐया ...बुबा यो के गर्नु भएको ?'(पृ.५०२)

विज्जीलाई उपभोग्य पुतली बनाउन चाहने विनोद यादवले समय समयमा रक्सी पियर विज्जीको कोठामा गएर विज्जी निदाइरहेको समयमा उसको शरीर चुम्न खोज्छ। सोकेसमा राखिएको पुतलीसँग विज्जीको शरीरलाई तुलना गर्छ। उसका यस्ता क्रियाकलाप थाहा पाएकी विज्जी सशंकित त हुन्छे तर बुबाको नाताले गर्दा शंकालाई यथार्थमा बदल्न सक्दिन । विनोद यादवको पारिवारिक संस्कार र समाजले निर्माण गरेको विमर्शबाट ऊ अघि बढ्दै जान्छे। उपभोक्तावादी संस्कृतिको केन्द्रमा रहेको शक्तिशाली वर्गको विनोद यादवले विज्जीलाई चौतर्फी घेराबन्दी बनाएर विज्जीको शरीर जसरी प्रयोग गरे पनि हुन्छ भन्ने धारणा बनाउँछ अनि विज्जीलाई बलात्कार गरेर आफ्नो वासनापूर्ति गर्छ। विनोद यादवको यौन शोषणमा पर्ने सङ्केत पाउने बित्तिकै विज्जी शारीरिक र मानसिक प्रतिकार त गर्छे तर भोगवादी मानसिकताको विनोद यादवले उसको अस्मिता लुटेरै छोड्छ। यसरी विनोद यादवले छोरी बनाएर भोगवादी पुतलीका रूपमा हुर्काउँदै गरेको विज्जीको शरीरलाई उपभोग्य वस्तुमा रूपान्तरण गर्छ।

राजविराजको सम्भ्रान्त परिवारको सदस्य विनोद यादव मोजमस्ती र ऐयाशी प्रवृत्तिको छ। पैसा कमाउनु र मोजमस्ती गर्नुलाई नै उद्देश्य बनाएको यादवले त्यही योजनाअनुसार नै विज्जीलाई ल्याएर पाल्छ। उपभोक्तावादी संस्कृतिले मानवलाई समेत बिक्री हुने मालसामानका रूपमा विकास गरिदिएको छ। उपभोगलाई जीवनको उद्देश्य बनाउनु र मानवलगायत सबै वस्तुलाई बिक्रीको सामान ठान्नु उपभोक्तावादको खास विशेषता भएको छ (चापागाईँ, २०७३, पृ. २०९) । उपभोक्तावादी संस्कृतिका कारण विनोद यादवले विज्जीसंगको नातासम्बन्धलाई पैसामा परिवर्तन गरिदिन्छ। आफूले हरेक रात विज्जीलाई बलात्कार गरेर तृप्त भएपछि उसले पैसाका लागि विज्जीको शरीर होटलसम्म लगेर बेच्छ। पितृसत्तात्मक रुढ हस्तक्षेपका कारण उसले अबोध विज्जीको शरीरको कमोडिफिकेसन गर्छ। जहाँ बेच्नका लागि वस्तुको उत्पादन नै छैन, त्यहाँ स्वभावतः शरीर नै खरिदबिक्री (पण्य) को वस्तु बन्न पुग्छ। यो सामन्ती समाजको विशेषता हो (पाण्डेय, २०७३, पृ.९९) । पञ्चायती शासन व्यवस्थाका समयमा आम्दानीको माध्यमका रूपमा नारी शरीरको व्यापार गर्ने विनोद यादवले देहव्यापारमा लगाउन निर्माण गरेको विमर्श बुझेर विज्जी बलात्कारीको पञ्जाबाट भाग्न सफल हुन्छे। यसरी पञ्चायती शासन सत्तामा रहेका व्यक्तिसम्म पहुँच भएको र तिनैका संरक्षणमा परिचालित विनोद यादव चेलीबेटी बेचबिखनजस्तो जघन्य आपराधिक काम गरेर पैसा जम्मा गर्न विज्जीको शरीरलाई बिक्री हुने मालसामानका रूपमा रूपान्तरण गर्छ।

उपभोक्तावादी संस्कृतिको अनुयायी विनोद यादवले नाफाका लागि नै विज्जीलाई दिग्विजयसँग खरिद गरेको हुनाले उसले विज्जीलाई नमरुञ्जेलसम्म छोड्दैन । उसले विज्जीलाई बसन्तियाको कोठाबाट छोरी भन्ने विमर्श बनाउँदै पुनः अपहरण गरेर लैजान्छ अनि सामूहिक बलात्कार गरेर बल्खु खोलाको छेउमा फालिदिन्छ । विनोद यादवबाटै बलात्कृत भएर गर्भवतीसमेत भएकी विज्जीलाई उसले पुनः बलात्कार पछि लागुपदार्थको सुई लगाएर मार्छ। पञ्चायती शासन सत्ताधारीसँग सम्बन्ध रहेको विनोद यादवले शक्ति र पैसाका कारण प्रशासनलाई समेत किनेको छ जसले गर्दा विनोद यादवले अपराध गरेर पनि अपराधको दण्ड पाउँदैन।

**निष्कर्ष**

पारिभाषित आँखाहरू उपन्यासमा महिलाहरू उपभोक्तावादी पुँजीवादी संस्कृतिको सिकार भएका छन् । पुँजीवादी उपभोक्तावादी संस्कृतिले मानिसका सम्बन्धहरूलाई खण्डित गर्दै लगेको छ। अनिताको शरीरलाई दिग्विजयले विवाहका माध्यमबाट नियन्त्रणमा लिई आफूअनुकूलका विमर्श निर्माण गरी विनिर्माण गरेको छ। विनोद यादवले अघोषित रूपमा विज्जीलाई दिग्विजयसँग किनेर ल्याई सिनेमा हेर्ने, पाकेट मार्ने, पैसा जम्मा गर्ने, सौन्दर्यका वस्तु प्रयोग गर्ने तथा लागु पदार्थ सेवन गर्ने जस्ता संस्कृतिमा अभ्यस्त बनाउँदै विज्जीको शरीर पूर्ण रूपमा नियन्त्रणमा लिई उपभोक्तावादी संस्कृतिमा अभ्यस्त गराएको छ। विनोद यादवले विज्जीको शरीरलाई भोग गरेर देहव्यापारमा लगाउने अभ्यास गरी विज्जीको पहिचानलाई छोरी, नोकर्नी, दासी हुँदै वेश्यामा पुऱ्याएर टुक्रा टुक्रा बनाएको छ अनि अपहरण गरी बलात्कार पछि मार्ने काम समेत गरेको छ। विज्जीको शरीरलाई उपभोग्य वस्तुमा रूपान्तरण गरेको छ। त्यसैले पारिभाषित आँखाहरू उपन्यासको सुरुदेखि अन्त्यसम्म विज्जीको शरीर नियन्त्रण र उपभोगसँग सम्बद्ध घटनाक्रमको निरन्तरता रहेकाले यो उपन्यास विश्लेषणको नवीन सिद्धान्तका रूपमा उपभोक्तावादी संस्कृतिको प्रभाव र प्रयोगका कोणबाट पुष्टि भएको छ।

**सन्दर्भसामग्री सूची**

अधिकारी, बलराम (२०७५). नारी-पुरुष अन्तरअस्तित्व र साहित्यमा त्यसको उपस्थिति. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

काराकन, इलिफ्कान (सन्२००७).वमन अन्डर द हेजेमोनी अफ बडी पोलिटिक्स : फेसन एन्ड व्युटी. (अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध ), मिडल इस्ट टेक्निकल युनिभर्सिटी।

चापागाईँ, निनु (२०७३). पूर्ववाद र सइदेली विचार. काठमाडौँ : साझा प्रकाशन।

त्रिपाठी, गीता (२०७५). 'पारिभाषित आँखाहरूमा प्रयुक्त शरीर राजनीति'. भृकुटी. पूर्णाङ्क २२, पृ.५१-५८।

पचौरी, सुधीर (सन् २०००). आलोचना से आगे. दिल्ली : राधाकृष्ण प्रकाशन।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साचहित्यको समाजशास्त्र. ललितपुर : साझा प्रकाशन।

पारिजात (२०७३). पारिजात संकलित रचनाहरू ग्रन्थ दुई. काठमाडौँ : फिनिक्स बुक्स।

बोर्दो, सुसन (सन्१९९३). अनवियरेवल वेट, फेमिनिजम, वेस्टर्न कल्चर एन्ड बडी. अमेरिका : युनिभर्सिटी अफ क्यालिफोर्निया।

भट्टराई, रमेशप्रसाद (२०६९). 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'. भृकुटी, पूर्णाङ्क १६, पृ.४८-७७ ।भट्टराई, रमेशप्रसाद (२०७७). सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ. काठमाडौँ : भुँडीपुराण प्रकाशन।

मिश्र, चैतन्य (२०७४). पुँजीवाद र नेपाल. काठमाडौँ : फिनिक्स बुक्स।

सुवेदी, विमलकुमार (२०७०). 'उपभोक्तावादी संस्कृति र सांस्कृतिक अध्ययन'. भृकुटी, पूर्णाङ्क १९, पृ.३९०-४०३।